अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०३।०५ गते

प्रेस विज्ञप्ति
विषय: घुस रकम सहित नियन्त्रणमा ।

काठमाडौं महानगरपालिका वडा नं.-९ वडा कार्यालय, गौशालाका कार्यालय सहयोगी (तेस्रो तह) गोविन्द खड्काले सेवाग्राहीले व्यवसाय सञ्चालन गरे बापत वडा कार्यालयमा नियमानुसारको कर तिर्न जाँदा काममा आलटाल गरी कर बाहेक रू.१०,०००।—(अक्षरुपी दश हजार) घुस/रिसवत माग गरेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिई गएको टोलीले निज गोविन्द खड्कालाई सेवाग्राहीसँग रू.१०,०००।—(अक्षरुपी दश हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा उक्त घुस रकम सहित निजकै कार्यालय परिसरबाट नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता